**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुङ्गाना**
**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**
**आदेश**
**०७७-WO-०६२०**
**<u>मुद्दाः- उत्प्रेषण।</u>**

| | |
|---|---|
| ओखलढुङ्गा जिल्ला साविक भदौरे गाउँ विकास समिति वडा नं ७ हाल चिशंखुगढी गाउँपालिका, वडा नं. ६ स्थायी ठेगाना भएको अधिवक्ता डा. पुण्यप्रसाद खतिवडा ------------------------------------------------१ | निवेदक |
| काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका, वडा नं. ५ बस्ने अधिवक्ता दिपक विक्रम मिश्र ------------------------------------------------१ | |

**विरुद्ध**

| | |
|---|---|
| प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं -----------------------------------------------------------१ | |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं--------१ | |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं-----------१ | विपक्षी |
| नेपाल सरकारको सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं -----------------------------------------------------------१ | |
| कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ---१ | |

नेपालको संविधानको धारा ४६, १३३ (२) (३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ लाई संशोधन गर्ने गरी खण्ड ७०), पुस २०, २०७७ साल, संख्या ३६ को नेपाल राजपत्रमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना प्रकाशित छ। उक्त ऐनको दफा ३ (२) ले सोही ऐनको अनुसूचीमा उल्लिखित उद्योग वा व्यवसायमा विदेशी लगानी खुला नगरेको भन्दै नेपाल सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ५० ले दिएको अनुसूचीमा हेरफेर गर्न

सक्ने अधिकार प्रयोग गरी उक्त ऐनको अनुसूचीको क्रमसंख्या १ लाई हेरफेर गरी "आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निकासी गर्ने पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसँग सम्बन्धित ठूला उद्योग बाहेकका सो क्षेत्रका अन्य उद्योग वा व्यवसाय" भन्ने प्रावधान राखेको छ। उक्त नयाँ व्यवस्थाबाट साविकमा विदेशी लगानी गर्न बन्देज लगाइएका क्षेत्रहरूमा आफूले उत्पादन गरेको हुनुपर्ने र कम्तीमा पचहत्तर प्रतिशत निकासी गर्न सक्ने ठूला उद्योगमा विदेशी लगानी गर्न स्वीकृति दिने कानूनी व्यवस्था गरिएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ (२) मा अनुसूचीमा उल्लिखित उद्योगमा विदेशी लगानीबाट सञ्चालित उद्योगले आर्जित नाफा वा अन्य कुनै तरिकाबाट विदेशी लगानी गर्न नसक्ने तर अनुसूचीमा उल्लिखित नेपाली लगानीमा स्थापना भएका उद्योगमा विभागको स्वीकृति लिई प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था गरिएको छ। उपरोक्त व्यवस्थाबाट साविकको अनुसूचीमा उल्लिखित कुनै पनि उद्योगमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विदेशी लगानी गर्न, त्यसको लाभ वा नाफा विदेश लैजान समेत स्पष्ट रूपमा बन्देज लगाइएको थियो। तथापि, उक्त व्यवस्थाले नेपाली लगानीमा स्थापित त्यस्ता उद्योगमा विभागको स्वीकृति लिई प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था गरी नेपाली लगानीका उद्योगहरूको संरक्षण, प्रवर्द्धन तथा विकासमा जोड दिएको देखिन्छ। तर अनुसूचीमा संशोधन गरी हाल कायम गरिएको अनुसूचीको उपरोक्त व्यवस्थाले साविकमा विदेशी लगानी गर्न तथा त्यसबाट आर्जित नाफा विदेश लैजान नपाउने व्यवस्थाको विपरित उपरोक्त क्षेत्रका ठूला उद्योग बाहेकका उद्योग वा व्यवसायलाई मात्र विदेशी लगानी गर्न नसक्ने क्षेत्र तोकेको छ।

यस्तो व्यवस्थाले एकातर्फ ऐनको उपरोक्त दफा ३ को मूल व्यवस्था, त्यसको मर्म र भावनासमेतलाई निस्तेज गरेको छ भने अर्कोतर्फ प्राथमिक तथा साना उद्योगहरूलाई उत्पादनको प्रोत्साहन, लगानी, उत्पादन, बिक्री वितरण समेतमा निरूत्साहित गरेको छ। विदेशी लगानीका ठूला उद्योगसँग नेपाली प्राथमिक तथा साना वा मध्यमस्तरीय उद्योगले कुनै पनि हिसाबले प्रतिस्पर्धा गर्न सक्ने अवस्था नरहने हुँदा धराशायी बन्ने निश्चित छ। विदेशी लगानीका ठूला उद्योगले विधि प्रविधि, जनशक्ति, साधन स्रोत समेतमा कब्जा जमाउने हुँदा नेपाली उद्योग व्यवसायहरू विस्थापित हुनुको विकल्प छैन। विदेशी लगानी भित्र्याइएमा हाल डेरी उद्योगमा ३० अर्ब, मौरी पालनमा ४ अर्ब, मत्स्यपालनमा ११ अर्ब, कुखुरा पालनमा ४० अर्ब गरेर कूल ८५ अर्बको स्वदेशी लगानी रहेको र १५ लाख जनाले रोजगारी पाएको कृषि क्षेत्र धराशयी हुने चिन्ता समेत स्वदेशी उद्योगी व्यवसायीहरूले गरेका छन्। साथै, आर्जित नाफा समेत विदेशी लगानीकर्ताले विदेश लैजाने, आफ्नै उद्योग स्थापना गरी सञ्चालनमा ल्याउने र नाफासमेत विदेश लैजान पाउने भएपछि त्यस्ता विदेशी लगानीकर्ताले नेपाली उद्योग

व्यवसायलाई प्रविधि हस्तान्तरण समेत नगर्ने स्पष्ट छ। यसबाट नेपाली उद्योगी व्यवसायीहरू आफ्नै देशमा पेशा व्यवसाय गर्ने, सम्पत्ति आर्जन गर्ने, सम्मानपूर्वक बाँच्न पाउने लगायतका हकहरूबाट समेत वञ्चित हुनुपर्ने अवस्था छ। यस क्रममा, उपरोक्त बमोजिम अनुसूचीमा रहेको साविकको व्यवस्थाबाट खासगरी नेपाली साना लगानीकर्ता, उद्योगी व्यवसायीहरूलाई गम्भीर तथा दीर्घकालीन नकारात्मक असर पर्ने स्पष्ट छ।

तसर्थ, सो संशोधित व्यवस्था र सो व्यवस्थालाई समर्थन गर्ने गरी भए गरेका वा प्रस्तुत रिट निवेदन दायर भइसकेपछि उपरोक्त बमोजिम विदेशी लगानीलाई अनुमति दिने सम्बन्धमा गरिने कुनै पनि निर्णय वा कार्यलाई उत्प्रेषण लगायतका उपयुक्त आदेशद्वारा निष्क्रिय वा बदर गरी पाउँ। राजपत्रमा प्रकाशित उक्त सूचना तत्काल कार्यान्वयन नगर्नु नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम विपक्षीहरूका नाममा तत्काल अन्तरिम आदेश जारी गरी पाउँ। साथै, उपरोक्त तोकिए बमोजिमका कृषि क्षेत्रको संरक्षण, संवर्द्धन, प्रवर्द्धन गर्न, नागरिकहरूको लगानीलाई भरपर्दो तथा सुरक्षित गर्ने, लगानी तथा कार्यक्षेत्रहरूमा नागरिकहरूलाई सहयोग सहुलियत समेत दिई बढीभन्दा बढी अभिप्रेरित गर्दै प्राथमिकता दिनू, विदेशमा रहेका नेपाली नागरिकहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्ने, नागरिकहरूले गर्न नसक्ने अवस्था रहे भएको स्पष्ट, पर्याप्त, भरपर्दो तथा मनासिब आधार कारण भएमा मात्र सीमित क्षेत्रमा निर्धारित समयका लागि र कुनै समस्या वा विवाद उत्पन्न भएमा नेपालकै कानून लागू हुने शर्तमा मात्र विदेशी लगानी तथा कार्यक्रमहरूलाई स्वीकृति दिने व्यवस्था गर्ने, विदेशी लगानीलाई नेपालको राष्ट्रहित विपरीत हुने गरी दुराशयपूर्वक भित्र्याउने, देशलाई घाटा हुनेगरी रकम लगायतका आर्थिक स्रोत साधन विदेश लैजान सहयोग, स्वीकृति तथा अनुमति दिने अधिकारी तथा व्यक्तिहरूलाई पूर्णरूपमा जवाफदेही बनाउनू र राष्ट्रलाई कुनै प्रकारले क्षति, हानि, नोक्सानी पुऱ्याउनेलाई कडा सजाय गर्ने व्यवस्था समेत गर्ने, साथै कानूनको अनुसूची संशोधन गर्ने कार्य निर्वाचित संसद्ले नै गर्ने गरी कानूनमा नै स्पष्टरूपमा व्यवस्था गर्ने भनी विपक्षीहरूका नाममा परमादेश लगायतका उपयुक्त आदेशहरू समेत जारी गरी पाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखितजवाफ पेश गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु। अन्तरिम आदेशतर्फ विचार गर्दा, नेपालमा वैदेशिक लगानीलाई प्रवर्धन गर्नका लागि जारी भएको वैदेशिक लगानी तथा प्रविधि सम्बन्धी ऐन, २०३८ र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा

कृषिका प्राथमिक उत्पादनका क्षेत्रहरूमा वैदेशिक लगानीलाई निषेध गर्ने गरी व्यवस्था भएको पाइन्छ भने मिति २०७५।१२।१३ बाट लागू भएको वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा समेत उक्त क्षेत्रमा वैदेशिक लगानी खुला नगरेको अवस्था छ। यस परिप्रेक्ष्यमा ऐनको उद्देश्य परिलक्षित कार्यभन्दा बाहिर गई कृषिका प्राथमिक उत्पादन क्षेत्रको व्यवसायलाई समेत समेट्ने गरी त्यस्ता व्यवसायमा समेत वैदेशिक लगानी अनुमति दिने गरी ऐनको अनुसूचीमा संशोधन गर्ने कार्य ऐनको उद्देश्य अनुकूल रहेको नदेखिँदा नेपाल राजपत्रमा २०७७ साल पुस २० मा प्रकाशित खण्ड ७०, संख्या ३६ को नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना यस निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको कार्यान्वयनका लागि यसको जानकारी विपक्षीहरूलाई दिनू भन्नेसमेत व्यहोराको मिति २०७७।१०।४ को यस अदालतको आदेश।

कृषि क्षेत्र पर्याप्त सम्भावनाको क्षेत्र भएको, नयाँ प्रविधिको उपयोग गरेर कृषिजन्य उत्पादनमा बढोत्तरी र रोजगारीमा वृद्धि हुनका साथै समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने हुँदा नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७७।०५।२८ को निर्णयबाट कृषि क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने विषयमा अध्ययन गर्न उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा नेपाल लगानी बोर्डको प्रतिनिधि, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रतिनिधि, श्रम तथा रोजगार मन्त्रालयका प्रतिनिधि र यस मन्त्रालयका उपसचिव समेत रहेको कार्यदल गठन भई सो कार्यदलले "पशुपन्छी, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनका अन्य क्षेत्रहरू" मा शतप्रतिशत निर्यात गर्ने ठूला उद्योगमा विदेशी लगानी खुला गर्न बाधा नपर्ने भनी प्रतिवेदन दिएको र सोही कार्यदलको प्रतिवेदनको आधारमा यस मन्त्रालयबाट विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी अनुसूचीमा हेरफेर गर्न नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भएको प्रस्तावमा मन्त्रिपरिषद्को मिति २०७७।०८।१० को बैठकले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीको क्रमसंख्या-१ हेरफेर गरी विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय अन्तर्गत “आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निकासी गर्ने पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसँग सम्बन्धित ठूला उद्योग बाहेकका सो क्षेत्रका अन्य उद्योग वा व्यवसाय” राखी अनुसूचीको उक्त क्रमसङ्ख्या हेरफेर गरिएको निर्णय मिति २०७७।०९।२० को नेपाल राजपत्रको भाग-२ मा प्रकाशन भएपछि कार्यान्वयनमा आएको हो।

नेपाल सरकार, मन्त्रिपरिषद्ले कृषि क्षेत्रमा नवीनतम् प्रविधिको प्रयोग, यान्त्रीकरण र आधुनिक प्रणाली प्रयोग गरी कृषि व्यवसाय सञ्चालन गर्ने र कृषि उत्पादनको बढोत्तरी गर्दै कृषिमा रोजगारी वृद्धि गर्ने एवम् कृषि विकासको माध्यमबाट समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने उद्देश्यले कृषि क्षेत्रमा वैदेशिक लगानी खुला गर्ने निर्णय गरेको हो। कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न तोकिएको क्षेत्रमा तोकिएको शर्तमा आयात प्रतिस्थापन गरी कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन र निर्यात प्रवर्द्धन गर्न विदेशी लगानी आवश्यक भएकोले निर्यातयोग्य कृषि उत्पादनमा जोड दिन शर्तसहित विदेशी लगानी आकर्षित गर्न अनुसूचीमा हेरफेर गरेको कुरा सम्मानित अदालतलाई सादर अनुरोध गर्दछु। विपक्षी रिट निवेदकले रिट निवेदनमा उल्लेख गर्नुभए जस्तो उक्त अनुसूचीमा हेरफेर गर्ने नेपाल सरकारको निर्णय र सूचना कार्यान्वयनमा आई विदेशी लगानी खुला गर्ने कार्यले स्वदेशी कृषि कार्य, किसान तथा स्वदेशी कृषि उद्योगलाई नकारात्मक असर नपर्ने, स्वदेशी स्रोत साधन नविदेशिने र राष्ट्रलाई कुनै क्षति तथा हानि नोक्सानी हुँदैन। ठूला उद्योग र आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निर्यात गर्ने शर्तमा वैदेशिक लगानी खुला गरिएकोले साना किसान र स्वदेशी उत्पादकहरूलाई असर पर्ने देखिंदैन। बरू देशमा वैदेशिक लगानीमार्फत् प्रविधिको हस्तान्तरण हुने, कृषिको आधुनिकीकरणमा टेवा पुग्ने र कृषिजन्य उत्पादनको गुणस्तर र परिमाण वृद्धि हुन्छ। यसबाट कृषि उपजहरूको आयात प्रतिस्थापनमा सघाउ पुग्ने र निर्यात प्रवर्द्धनमा समेत सकारात्मक प्रभाव पर्न जान्छ। साथै, रोजगारीमा वृद्धि हुने र देशको अर्थतन्त्रलाई सबल र सक्षम बनाउन यसबाट सहयोग पुग्ने हुँदा नेपाल सरकारको उक्त निर्णय संविधान अनुकूल नै भएकोले रिट निवेदकले माग गरेबमोजिम आदेश हुनु पर्ने देखिंदैन। रिट निवेदन खारेज गरिपाउँ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०८।१० को निर्णयबाट विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीमा हेरफेर गरी कृषि क्षेत्रमा विदेशी लगानी खुला गर्ने निर्णय र उक्त निर्णय तथा नेपाल राजपत्रमा प्रकाशित मिति २०७७।०९।२० को सूचना संविधानसम्मत भएको र बदर हुन नसक्ने भएकाले सम्मानित अदालतबाट मिति २०७७।१०।०४ मा एक न्यायाधीशको इजलासबाट शुरू सुनुवाइमै, एकतर्फी सुनुवाइको आधारमा यस मन्त्रालयलाई कुनै सुनुवाइको मौका नै नदिई गरिएको उक्त निर्णय र सूचना कार्यान्वयन नगर्ने भनी भएको अन्तरिम आदेश समेत बदर गरी उक्त निर्णय र सूचना कार्यान्वयन गर्न आदेश जारी गरी पाऊँ भन्नेसमेत व्यहोराको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा आफ्नो समेत हकमा ऐ.का सचिवले पेश गरेको लिखित जवाफ।

ऐनको दफा ५० मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्ने व्यवस्था भए बमोजिम नै नेपाल सरकारले उक्त अधिकारको प्रयोग गरी अनुसूचीमा हेरफेर गरेको विषयलाई अन्यथा भन्न मिल्ने हुँदैन। ऐनको

उद्देश्य बमोजिम विदेशी लगानीको दायरालाई फराकिलो बनाई लगानी आकर्षित गर्ने प्रयोजनको लागि अनुसूचीको क्रम सङ्ख्या १ मा हेरफेर गरी मिति २०७७।०९।२० मा राजपत्रमा प्रकाशित सूचनाबाट निवेदकको अधिकार तथा सार्वजनिक हितमा प्रतिकूल असर पुऱ्याएको अवस्था पनि नरहेको र उक्त विषय मुलुकमा विदेशी लगानीलाई व्यवस्थित गर्ने सम्बन्धमा नेपाल सरकारद्वारा व्यवस्थित गरिने नीतिगत विषय समेत भएकोले सम्मानित अदालतबाट मिति २०७७।१०।०४ मा जारी भएको अन्तरिम आदेश समेत खारेज गरी प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले पेश गरेको लिखित जवाफ।

नेपालको संविधानको धारा ५१ ले राज्यका नीतिहरू सम्बन्धी व्यवस्था गरेको छ। उक्त धाराको खण्ड (घ) को देहाय (१०) मा राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्ने व्यवस्था रहेको छ। त्यस्तै ऐ. को खण्ड (ज) को देहाय (१२) मा कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्ने नीति रहेको छ। संविधानको सोही व्यवस्था समेतको कार्यान्वयन गर्ने उद्देश्यले बनेको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम भएको व्यवस्थालाई संविधान प्रतिकूल भयो भन्नु आफैंमा त्रुटीपूर्ण दावी हो। नीतिगत विषयका सम्बन्धमा गरिएका निर्णयहरू न्याय निरूपणका विषय मान्न मिल्दैन।

नेपालको संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानूनबमोजिम मन्त्रिपरिषद्मा निहित हुनेछ भन्ने व्यवस्था रहेको छ। उपधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा हुनेछ भन्ने व्यवस्था छ। त्यस्तै संविधानको धारा ८२ ले नेपाल सरकारको कार्य विभाजन तथा कार्य सम्पादन नेपाल सरकारले स्वीकृत गरेको नियमावली बमोजिम हुने व्यवस्था गरेको छ। संविधानको प्रस्तुत व्यवस्था बमोजिम नै नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ तथा नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ कार्यान्वयनमा रहेका छन्। उल्लिखित नियमावली बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट सम्पादन भई आएका नीतिगत विषयमा न्याय निरूपण हुन सक्दैन।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी अनुसूचीमा हेरफेर गर्न नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भएको प्रस्तावमा मन्त्रिपरिषद्को मिति २०७७।०८।१० को बैठकले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण

ऐन, २०७५ को अनुसूचीको क्रमसंख्या-१ हेरफेर गरी विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय अन्तर्गत "आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निकासी गर्ने पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसँग सम्बन्धित ठूला उद्योग बाहेकका सो क्षेत्रका अन्य उद्योग वा व्यवसाय" राखी अनुसूचीको उक्त क्रमसङ्ख्या हेरफेर गरिएको हो। यो कार्य कृषि क्षेत्रको निर्यात वृद्धिको लागि तथा स्वदेशमा रोजगारी सिर्जना गरी नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनको लागि गरिएको हो।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकास तथा वस्तु वा सेवाको उत्पादनका क्षेत्रमा विदेशी पूँजी, प्रविधि र लगानीलाई आकर्षित गर्न लगानीमैत्री वातावरण सिर्जना गर्दै औद्योगिकीकरणमार्फत् दीगो आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यले जारी भएको हो। उक्त ऐनको दफा ३ को उपदफा (१) ले विदेशी लगानीकर्ताले कुनै उद्योगमा विदेशी लगानी गर्न र त्यस्तो लगानीबाट लाभ प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ भने ऐ. को उपदफा (२) ले अनुसूचीमा उल्लिखित उद्योगमा विदेशी लगानीबाट सञ्चालित उद्योगले आर्जित नाफा वा अन्य कुनै तरिकाबाट विदेशी लगानी गर्न सक्ने छैन भन्ने व्यवस्था गरेको छ। त्यस्तै सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा अनुसूचीमा उल्लिखित नेपाली लगानीमा स्थापना भएका उद्योगमा विभागको स्वीकृति लिई प्रविधि हस्तान्तरण गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्थाले अनसूचीमा उल्लिखित उद्योग बाहेक अन्य क्षेत्रमा विदेशी लगानी हुन सक्दछ। त्यस्तै उक्त ऐनको दफा ५० को कानूनी व्यवस्थाले नेपाल सरकारले अनुसूचीमा हेरफेर गर्न सक्ने गरी अधिकार प्रदान गरे बमोजिम मुलुकको समृद्धि र विकासको लागि नै अनुसूचीको व्यवस्थामा संशोधन गरिएको हो। यो नीतिगत व्यवस्थाको विषय भएकोले यस्तो नीतिगत व्यवस्थाको विषयमा सम्मानित अदालतबाट न्याय निरूपण हुन मिल्दैन।

कुन क्षेत्र विशेषलाई कस्तो प्राथमिकता दिने, कुन क्षेत्रलाई के-कस्तो संरक्षण दिने, कुन क्षेत्रमा विदेशी लगानीलाई प्रश्रय दिने भन्ने कुरा नितान्त कार्यकारी अधिकारको विषय हो। सार्वभौम संसदले बनाएको कानून र सालवसाली रूपमा स्वीकृत हुने बजेटको अधीनमा रही यस्ता विषय कार्यपालिकाले निर्धारण गर्दछ। यस्ता विषय समय तथा आवश्यक्ता अनुसार परिवर्तन भइरहने भएकोले नै विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ५० ले नेपाल सरकारले अनुसूचीमा हेरफेर गर्न सक्ने अधिकार प्रदान गरेको हो। यस किसिमको व्यवस्था साविकको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ देखि नै रहँदै आएको अवस्था हो। विधायिकाबाट विवेकसम्मत तथा बुद्धिमत्तापूर्वक कार्यकारी प्रकृतिका विषयमा नेपाल सरकारबाट नै निर्णय भई कार्यान्वयन हुने गरी भएको व्यवस्थालाई परिवर्तन

गर्ने वा कुनै खास कानूनी व्यवस्था गर्न सार्वभौम संसदलाई आदेश जारी गरी पाउन पेश भएको निवेदन सार्वभौम संसदको अधिकार तथा संविधान प्रतिकूल छ। कुनै विषयमा कस्तो कानून बनाउने भन्ने विषय विधायिकाबाट निर्धारण हुने विषय भएकोले तत्सम्बन्धमा सम्मानित अदालतबाट आदेश जारी हुन मिल्दैन।

नेपाल सरकार, मन्त्रिपरिषद्ले कृषि क्षेत्रमा नवीनतम् प्रविधिको प्रयोग, यान्त्रीकरण र आधुनिक प्रणाली प्रयोग गरी कृषि व्यवसाय सञ्चालन गर्ने र कृषि उत्पादनको बढोत्तरी गर्दै कृषिमा रोजगारी बृद्धि गर्ने एवम् कृषि विकासको माध्यमबाट समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने उद्देश्यले कृषि क्षेत्रमा वैदेशिक लगानी खुला गर्ने निर्णय गरेको हो। कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न तोकिएको क्षेत्रमा तोकिएको शर्तमा आयात प्रतिस्थापन गरी कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन र निर्यात प्रवर्द्धन गर्न विदेशी लगानी आवश्यक हुन्छ। निर्यातयोग्य कृषि उत्पादनमा जोड दिन शर्तसहित विदेशी लगानी आकर्षित गर्न अनुसूचीमा हेरफेर गरिएको कार्यबाट कोही कसैलाई असर पर्ने भन्ने हुँदैन।

अनुसूचीमा हेरफेर गर्ने नेपाल सरकारको निर्णय र सूचना कार्यान्वयनमा आई विदेशी लगानी खुला गर्ने कार्यले स्वदेशी कृषि कार्य, किसान तथा स्वदेशी कृषि उद्योगलाई नकारात्मक असर पार्दैन। यसबाट स्वदेशी स्रोत साधन विदेशिनबाट रोकिन जाने र राष्ट्रलाई कुनै क्षति तथा हानि नोक्सानी हुँदैन। ठूला उद्योग र आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निर्यात गर्ने शर्तमा वैदेशिक लगानी खुला गरिएकोले साना किसान र स्वदेशी उत्पादकहरूलाई असर पर्दैन। मुलुकमा वैदेशिक लगानीमार्फत् प्रविधिको हस्तान्तरण हुने, कृषिको आधुनिकीकरणमा टेवा पुग्ने, कृषिजन्य उत्पादनको गुणस्तर र परिमाण वृद्धि हुन जाने र यसबाट कृषि उपजहरूको आयात प्रतिस्थापनमा सघाउ पुग्दछ। निर्यात प्रवर्द्धनमा समेत सकारात्मक प्रभाव पर्न जानुका साथै रोजगारीमा वृद्धि हुने तथा देशको अर्थतन्त्रलाई सबल र सक्षम बनाउन यसबाट सहयोग पुग्न जाने हुँदा नेपाल सरकार, मन्त्रिपरिषदबाट अनुसूचीमा संशोधन गरिएको हो। प्रस्तुत निर्णय संविधान अनुकूल हुनुका साथै मुलुकको समृद्धिको लागि गरिएको नितान्त नीतिगत निर्णय भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले पेश गरेको लिखित जवाफ।

रिट निवेदकले नेपालको संविधानको धारा १, धारा २, धारा ३, धारा ४ र धारा २७४ को उपधारा (१) समेतसँग उल्लिखित नेपाल राजपत्रको सूचना बाझिएकोले बदर घोषित गरी पाउँ भनी दावी लिनु मात्र पर्याप्त हुँदैन। त्यसलाई तथ्य र प्रमाणले पुष्टि गर्न सक्नु पर्दछ। आयातमूलक अर्थ व्यवस्थालाई प्रतिस्थापन गर्दै निर्यातमूलक अर्थतन्त्र स्थापना गरी दुई अंकको आर्थिक वृद्धि हासिल गर्न नेपाल सरकारले उत्पादनका सबै क्षेत्रको परिचालनमा जोड दिंदै आएको छ। आत्मनिर्भरमूखी अर्थतन्त्रको स्थापनाले नै मुलुक आफ्नो लक्षमा पुग्न सक्छ।

आत्मनिर्भरताको लागि पूजीको परिचालन तथा प्रविधिको उपयोग अनिवार्य शर्त हो। सो संगै शीपविहिन युवालाई स्वदेश मै आवश्यक तालिम दिन तथा आवश्यक रोजगारीको व्यवस्था समेत अहिलेको आवश्यक्ता हो। त्यसैको लागि नै निश्चित शर्तको आधारमा लगानीको क्षेत्रलाई केही खुकुलो बनाइएको हो। यसबाट संविधानद्वारा प्रत्याभूत गरिएका मौलिक हकको संरक्षण हुन जाने अवस्था भएकोमा सोलाई अनदेखा गरी दायर हुन आएको रिट निवेदन सर्वथा अनुचित तथा असान्दर्भिक भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री केपी शर्मा ओलीले पेश गरेको लिखित जवाफ।

## आदेश खण्ड

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी रिट निवेदकहरूको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताहरू श्री खड्ग बहादुर राई, डा. श्री पुण्य प्रसाद खतिवडा, श्री पदम बहादुर श्रेष्ठ, श्री मनोहर लामिछाने, श्री दिपक विक्रम साह, श्री राकेश कुमार साह, श्री सुरेन्द्र विक्रम के.सी. तथा डा. श्री शिव कुमार यादवले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीको क्रमसंख्या १ लाई हेरफेर गरी साविकमा विदेशी लगानी गर्न बन्देज लगाइएका क्षेत्रहरूमा आफूले उत्पादन गरेको हुनुपर्ने र कम्तीमा पचहत्तर प्रतिशत निकासी गर्न सक्ने ठूला उद्योगमा विदेशी लगानी गर्न स्वीकृति दिने कानूनी व्यवस्था गरेको छ। यस्तो व्यवस्थाले एकातर्फ ऐनको उपरोक्त दफा ३ को मूल व्यवस्था, त्यसको मर्म र भावनासमेतलाई निस्तेज गरेको छ भने अर्कोतर्फ प्राथमिक तथा साना उद्योगहरूलाई उत्पादनको प्रोत्साहन, लगानी, उत्पादन, बिक्री वितरण समेतमा निरूत्साहित गरेकोले सो संशोधित व्यवस्था र सो व्यवस्थालाई समर्थन गर्ने गरी भए गरेका कुनै पनि निर्णय वा कार्यलाई उत्प्रेषण लगायतका उपयुक्त आदेशद्वारा बदर गरी ऐनको अनुसूची संशोधन गर्ने कार्य निर्वाचित संसदले नै गर्ने गरी कानूनमा नै स्पष्ट रूपमा व्यवस्था गर्नु भनी विपक्षीहरूको नाममा परमादेश लगायत उपयुक्त आदेशहरू समेत जारी गरी पाउँ भन्नेसेमत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित विद्वान् सह-न्यायाधिवक्ता श्री संजिवराज रेग्मीले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०८।१० को निर्णयबाट विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीमा हेरफेर गरी कृषि क्षेत्रमा विदेशी लगानी खुला गर्ने निर्णय र उक्त निर्णय तथा नेपाल राजपत्रमा प्रकाशित मिति २०७७।०९।२० को सूचना कानूनसम्मत भई नेपाल सरकारको नीतिगत निर्णय भएकोले बदर हुन नसक्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

यसमा, विपक्षीहरूले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीको क्रमसंख्या १ लाई हेरफेर गरी नेपालको प्राथमिक तथा साना उद्योगहरूलाई उत्पादन, लगानी, बिक्री वितरणमा निरूत्साहित गरेकोले उक्त संशोधन र सोलाई समर्थन गर्ने निर्णयहरू बदर गरी पाउँ भन्ने निवेदकको निवेदन माग दावी रहेको पाइयो। विपक्षीहरूको लिखित जवाफ हेर्दा, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ (२) ले सोही ऐनको अनुसूचीमा उल्लिखित उद्योग वा व्यवसायमा विदेशी लगानी खुला नगरेकोले ऐनको उद्देश्य बमोजिम विदेशी लगानीको दायरालाई फराकिलो बनाई लगानी आकर्षित गर्ने प्रयोजनको लागि अनुसूचीको क्रम सङ्ख्या १ मा हेरफेर गरी मिति २०७७।०९।२० मा राजपत्रमा सूचना प्रकाशित गरिएको कार्य कानूनसम्मत र राष्ट्रको लागि आवश्यक र लाभदायक भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको लिखित जवाफ रहेको देखिन्छ।

प्रस्तुत विवादमा निवेदकको मागदाबी बमोजिम उत्प्रेषण र परमादेश लगायतको आदेश जारी हुनु पर्ने हो/होइन? अथवा विपक्षीको लिखित जवाफ बमोजिम प्रस्तुत निवेदन खारेज हुनु पर्ने हो/होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

प्रस्तुत निवेदनको विवादसँग सम्बन्धित कानूनी प्रावधानहरूलाई हेर्दा, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ मा विदेशी लगानीकर्ताले कुनै उद्योगमा विदेशी लगानी गर्न र त्यस्तो लगानीबाट लाभ प्राप्त गर्न सक्नेछ भनी उल्लेख भएको पाइन्छ भने दफा ३ (२) मा 'उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूचीमा उल्लिखित उद्योगमा विदेशी लगानीबाट सञ्चालित उद्योगले आर्जित नाफा वा अन्य कुनै तरिकाबाट विदेशी लगानी गर्न सक्ने छैन' भन्ने प्रावधान उल्लेख भएको पाइन्छ। यसैगरी, ऐ. ऐनको दफा ५० मा 'नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफर वा थपघट गर्न सक्नेछ' भन्ने प्रावधान रहेको पाइन्छ। साविक अनुसूचीको प्रकरण नं. १ मा भएको 'पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनका अन्य क्षेत्रहरू' भन्ने व्यवस्थालाई विस्थापन गर्न संशोधन गरी नयाँ प्रकरण नं. १ मा 'आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निकासी गर्ने पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसँग सम्बन्धित ठूला उद्योग बाहेकका सो क्षेत्रका अन्य उद्योग वा व्यवसाय' भनी उल्लेख भएको पाइन्छ।

अब, संशोधन गरी हाल कायम गरिएको अनुसूचीको उपरोक्त व्यवस्थाले साविकमा विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसायको सट्टा विदेशी लगानी हुन सक्ने गरी तथा त्यसबाट आर्जित नाफा विदेश लैजान नपाउने व्यवस्थाको विपरीत उपरोक्त क्षेत्रका ठूला उद्योग बाहेकका सो क्षेत्रका अन्य उद्योग वा व्यवसायलाई मात्र विदेशी लगानी गर्न नसक्ने

क्षेत्र तोकी ऐनको दफा ३ को मूल व्यवस्था, मर्म र भावनालाई निस्तेज गरेको र प्राथमिक तथा साना उद्योगहरूलाई उत्पादनको प्रोत्साहन, लगानी, उत्पादन, बिक्री वितरण समेतमा निरूत्साहित गरेको भन्ने निवेदनको माग दावी सम्बन्धमा हेर्दा, साविकको व्यवस्थाले उल्लिखित सबै क्षेत्रमा विदेशी लगानीलाई रोक लगाएको देखिन्छ भने हालको संशोधनले 'आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निकासी गर्ने ......ठूला उद्योग बाहेकका' भन्ने शर्त राखी विदेशी लगानीलाई खुला गरेको देखिन्छ। व्यवसायिकताका लागि ठूलो लगानी आवश्यक पर्ने भएको र विदेशी लगानी भित्रिँदा लगानी मात्र नभै प्रविधि तथा सिपसमेत भित्रिने भएकोले यसबाट सहकार्य र सहलगानीका अवसर सृजना हुन्छ। यसबाट साना किसान र स्वदेशी उत्पादकहरूलाई असर पर्ने नदेखिएकोले विदेशी लगानी हुँदैमा स्वदेशी लगानीलाई असर गर्ने भन्ने सोच राख्नु उपयुक्त हुँदैन। मुलुकको आर्थिक एवम् लगानीको क्षमतालाई दृष्टिगत गरी के कस्तो क्षेत्रमा विदेशी लगानीलाई खुल्ला गर्ने वा नगर्ने भन्ने विषय ऐनले तोकेको निर्दिष्ट सीमाभित्र रही नेपाल सरकारले निर्धारण गर्ने नीतिगत विषय भएको र नेपाल सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी अनुसूचीको प्रकरण नं. १ मा हेरफेर गरेको एवम् मिति २०७७।०९।२० को नेपाल राजपत्रको भाग-२ मा उक्त सूचना प्रकाशन भएपछि कार्यान्वयनमा आएको देखिएकोले उक्त कार्यलाई गैरकानूनी कार्य मान्न सकिंदैन भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ। मुलुकको आर्थिक समृद्धिका लागि उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगारउन्मुख बनाउन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकास तथा वस्तु वा सेवाको उत्पादनका क्षेत्रमा विदेशी पूँजी, प्रविधि र लगानीलाई आकर्षित गर्न लगानी मैत्री वातावरण सिर्जना गर्दै औद्योगिकीकरणमार्फत् दीगो आर्थिक वृद्धि हासिल गर्नु विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको मूल उद्देश्य रहेको देखिन्छ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ ले विदेशी लगानी गर्न सक्ने र नसक्ने कानूनी व्यवस्था गर्दा औचित्य र व्यवहारिकताको दृष्टिकोणले नेपाल सरकारलाई अनुसूची संशोधन गर्ने अधिकार दिएको देखिन्छ। जनप्रतिनिधिमूलक संस्था संसदले बनाएको ऐनले नै ऐनद्वारा तोकिएको अनुसूचीमा हेरफेर गर्न सक्ने अधिकार नेपाल सरकारलाई दिएको र नेपाल सरकारले देशको आवश्यक्ता अनुसार विदेशी लगानीको क्षेत्र र विषयलाई संशोधन गर्न सक्ने नै देखिन्छ। नेपाल सकारले ऐनले दिएको परिधिभित्र रही विधिसम्मत तरिकाले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७७।०५।२८ को निर्णयबाट कृषि क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने विषयमा अध्ययन गर्न उद्योग विभागका महानिर्देशको संयोगकत्वमा नेपाली लगानी बोर्डको प्रतिनिधि, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम

तथा रोजगार मन्त्रालय एवम् उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय समेतको प्रतिनिधि सम्मिलित कार्यदल गठन भई सो कार्यदलले "पशुपन्छी, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनका अन्य क्षेत्रहरू" मा शतप्रतिशत निर्यात गर्ने ठूला उद्योगमा विदेशी लगानी खुला गर्न बाधा नपर्ने भनी प्रतिवेदन दिएको र सोही कार्यदलको प्रतिवेदनको आधारमा यस मन्त्रालयबाट विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी अनुसूचीमा हेरफेर गर्न नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भएको प्रस्तावमा मन्त्रिपरिषद्को मिति २०७७।०८।१० को बैठकले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीको क्रमसंख्या-१ हेरफेर गरी विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय अन्तर्गत "आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निकासी गर्ने पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसँग सम्बन्धित ठूला उद्योग बाहेकका सो क्षेत्रका अन्य उद्योग वा व्यवसाय" राखी अनुसूचीको उक्त क्रमसङ्ख्या हेरफेर गरिएको निर्णय मिति २०७७।०९।२० को नेपाल राजपत्रको भाग-२ मा प्रकाशन भएको देखिन्छ।

विदेशी लगानी तथा प्रविधि नियन्त्रण ऐनको अनुसूचिमा हेरफेर गर्ने नेपाल सरकारको निर्णय र सूचना कार्यान्वयनमा आउँदा विदेशी लगानी खुला भएबाट स्वदेशी कृषि कार्य, किसान तथा स्वदेशी कृषि उद्योगलाई नकारात्मक असर पर्ने नभई स्वदेशी स्रोत साधन नविदेशिने र राष्ट्रलाई कुनै क्षति तथा हानि नोक्सानी पुग्ने देखिंदैन। आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निर्यात गर्ने शर्तमा वैदेशिक लगानी खुला गरिएकोले साना किसान र स्वदेशी उत्पादकहरुलाई असर पर्ने देखिंदैन। अपितु देशमा वैदेशिक लगानीमार्फत् प्रविधिको हस्तान्तरण हुने, कृषिको आधुनिकीकरणमा बढावा हुन जाने र फलस्वरूप कृषिजन्य उत्पादनको परिमाण र गुणस्तरमा समेत वृद्धि हुन जाने देखिन्छ। यसबाट कृषि उपजहरुको आयात प्रतिस्थापनमा सघाउ पुग्न जान सक्छ। विदेशी प्रविधिको कारण रोजगारीमा वृद्धि हुने र अन्ततोगत्वा देशको अर्थतन्त्र सबल र सक्षम बनाउन अझ बढी सहयोग पुग्न जाने देखिन्छ।

प्रस्तुत विवादको अर्को महत्त्वपूर्ण पहलु भनेको सार्वजनिक सरोकारको विषय लिएर आएका निवेदकहरु उद्योग व्यवसायी नभएको र कोही पनि उद्योग व्यवसायीले प्रस्तुत सूचना गैरकानूनी छ भनी निवेदन लिएर आएको पाइँदैन। संसदले नेपाल सरकारलाई ऐनमार्फत् दिएको अधिकार प्रयोग गरी भए गरेका कार्य गैरकानूनी भयो भनी भन्न सक्ने वस्तुगत कारण र आधार केहि देखिंदैन। शक्ति पृथकीकरणको सिद्धान्त अनुसार राज्यका तिनै निकाय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको कार्य संविधानले नै तोकिदिएको अवस्थामा कार्यापालिकाले नीतिगत विषयमा गर्ने गरेको निर्णय र कार्य व्यवस्थापिकालाई दिलाई पाउन

न्यायपालिकाले हस्तक्षेप गर्नु न्यायोचित तथा मनासिब देखिंदैन। सबै निकायका आ-आफ्नै अधिकार र सिमा हुन्छन्। कानूनको पालना हुबहु हुनुपर्छ भन्ने कुरामा विवाद हुन सक्तैन तर कानून बमोजिम कार्यटोली गठन गरी उक्त टोलीको वस्तुनिष्ठ सिफारिशको आधारमा भए गरेका कार्यलाई हठात् रूपमा गैरकानूनी भयो भनी भन्न सक्ने कारण र आधार नदेखिएकोले निवेदन माग बमोजिमको आदेश जारी गर्न सक्ने अवस्था देखिएन।

तसर्थ, माथि विवेचित निवेदन माग दावी, लिखित जवाफको व्यहोरा, आधार र कारण एवम् प्रचलित कानूनी व्यवस्थाबाट विदेशी लगानीलाई प्रोत्साहित गरी राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगार उन्मुख बनाउन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसूचीको बुँदा नं. १ मा भएको संशोधन कानूनसम्मत नै भएको देखिएकोले निवेदकको माग बमोजिम उत्प्रेषण परमादेश लगायतका अन्य आदेश जारी गर्नु पर्ने अवस्था नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। विपक्षीहरूको जानकारीको लागि यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त आदेशमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः दीपशिखा मुनाकमी
कम्प्युटर अपरेटरः रेखा भट्टराई
ईति संवत् २०७९ साल जेष्ठ २० रोज ६ शुभम् ----------------------------------।